**लक्ष्मी बैंक लिमिटेडको**
**बिसौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूको सभापतित्वमा बैंकको बिसौं वार्षिक साधारणसभा मिति २०७७/०९/२८ गते (तदनुसार जनवरी १२, २०२१) मंगलबार दिनको ११:३० बजे देखि १२:३० बजे सम्म बैंकको केन्द्रिय कार्यालय, हात्तीसार, काठमाडौंबाट भिडियो कन्फ्रेन्सको माध्यमबाट सम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

१. उपस्थितिः

(क) सञ्चालकहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १) | श्री रमण नेपाल | अध्यक्ष |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | श्रीमति स्वाति रुंगटा | सञ्चालक (भिडियो कन्फ्रेन्सको माध्यमबाट) |
| ४) | श्री विश्व करण जैन | सञ्चालक |
| ५) | श्रीमति विद्या वस्न्यात | सञ्चालक |

(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १) | श्री अजय विक्रम शाह | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री सुमेद भट्टराई | उप प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री जिवन प्रकाश लिम्बु | प्रमुख प्रविधि अधिकृत |
| ४) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |
| ५) | श्री अमित सिंह कार्की | प्रमुख - पूर्वाधार तथा प्रोजेक्ट |
| ६) | श्री दिपेश अमात्य | प्रमुख - रिटेल फाइनान्सियल सर्भिस |
| ७) | श्री पियूष राज अर्याल | कम्पनी सचिव/प्रमुख वित्तीय अधिकृत |
| ८) | श्री मनिष राज कुँवर | प्रमुख - कर्पोरेट बैंकिंग |
| ९) | श्रीमति भारती पाण्डे | प्रमुख - रणनीति तथा बजार |
| १०) | श्री अभय राज शर्मा | प्रमुख - जोखिम नियन्त्रण इकाई |
| ११) | श्री मनोहर राज उप्रेती | प्रमुख - आन्तरिक लेखा परिक्षण |
| १२) | श्री जितेन्द्र बहादुर राजभण्डारी | वाह्य लेखापरीक्षक |
| १३) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |

(ग) सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थितीः

| | | |
|---|---|---|
| १) | श्री सविता पौडेल | प्रतिनिधी - श्री नागरिक लगानी कोष |
| २) | श्री कमल प्रसाद निरौला | प्रतिनिधी - कम्पनी रजिष्ट्रारको कार्यालय |

(घ) **शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | ४४ | जना |
| | (क) शेयरधनी स्वयंबाट | ४२ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | २ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ५,९०,०३,८९४ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ६०.१३ | प्रतिशत |

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका ६७,३८६ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरुः**

(क) **सामान्य प्रस्ताव**

(१) बीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७७/०७८ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री जे.बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य रहेको)

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २.५ प्रतिशतका दरले रु २४,५३,१३,९८८.०० (अक्षेरपि रु. चौबिस करोड त्रिपन्न लाख तेह्र हजार नौ सय अठासी मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ९ प्रतिशतका दरले रु ८८,३१,३०,३५६.०० (अक्षेरपि रु. अठासी करोड एकतिस लाख तिस हजार तीन सय छपन्न मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने ।

(३) बुँदा नं. (१) र (२) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(४) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

(ग) **सर्वसाधारण शेयरधनी समूह "ग" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

(घ) **विविध**

३. **सूचना प्रकाशनः**

सञ्चालक समितिको मिति २०७७ साल पौष ६ गते सोमबार तदनुसार २१ डिसेम्बर २०२० मा बसेको २३७औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको बिसौं वार्षिक साधारण सभा मिति २०७७ साल पौष महिना २८ गते मंगलबार तदनुसार १२ जनवरी २०२१ मा वस्ने सूचना तथा बैंकको बिसौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७७ पौष ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक, पौष २२ गतेको सौर्य दैनिक र पौष २७ गतेको आर्थिक दैनिकमा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ६७,३८६ | ४२ | २ | ४४ | ०.०७% |
| शेयर संख्या | ९,८१,२५,५९५.०६ | ५,१२,६६,१३३ | ७७,३७,७६१ | ५,९०,०३,८९४ | ६०.१३ |

५. **सभाको बैधानिकता तथा सभापतित्वः**

सभाको सुरुवात गर्दै कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो । त्यसपश्चात सभापतिको अनुमति लिई साधारण सभा अगाडी बढाउँदै उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो ।

६. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

सभाको छलफलका विषयमा प्रवेश गर्दै कम्पनी सचिवले समान्य प्रस्ताव (१) बमोजिम बिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात कम्पनी सचिवले सभा समक्ष सामान्य प्रस्ताव (१) बमोजिम सञ्चालक समितिको प्रतिवेदन तथा सामान्य प्रस्ताव (२) बमोजिम लेखापरिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) मा सल्लाह, सुझाव वा गुनासाहरु भए प्रस्तुत गर्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | | |
|---|---|---|---|---|
| १. | श्री चन्द्रनारायण श्रेष्ठ | | २. | श्री अमृत नाथ रेग्मी |
| ३. | श्री गुणराज भट्ट | | ४. | श्रीमति सुनिता भट्टराई |
| ५. | श्री रामगोपाल महर्जन | | | |

यसबाहेक निम्न शेयरधनी महानुभावहरुले प्रत्यक्ष रुपमा बैंकमा उपस्थित भई बैंकको हालसम्मको उपलब्धिका लागि बधाई दिदैं आगामी दिनका लागि शुभेच्छा व्यक्त गर्नुभएको थियो :

| | | | | |
|---|---|---|---|---|
| १. | श्री उद्धव प्रसाद घिमिरे | | २. | श्री नरसिंह लाल चँखु |
| ३. | श्री लवराज शर्मा | | ४. | श्री डमरु बल्लभ घिमिरे |
| ५. | श्री शिव प्रसाद पौडेल | | ६. | श्री अमिर दास रञ्जित |
| ७. | श्री अशोक नाथ उप्रेति | | ८. | श्री उत्तम प्रसाद पाण्डे |
| ९. | श्री गोगन बहादुर पराजुली क्षेत्री | | १०. | श्री महेन्द्र श्रेष्ठ |
| ११. | श्री रोजकुमार श्रेष्ठ | | १२. | श्री नारायण सुन्दर श्रेष्ठ |
| १३. | श्री उत्सव सुन्दर श्रेष्ठ | | १४. | श्री राम श्रेष्ठ |
| १५. | श्री इन्द्र प्रसाद लामिछाने | | १६. | श्री दिवाकर खड्का |
| १७. | श्री पुण्य प्रसाद अर्याल | | | |

**८. शेयरधनी महानुभाबहरुले निम्न बमोजिम राय, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो :**

१. यस वर्ष प्रस्तावित ९ प्रतिशत बोनस शेयर तथा २.५ प्रतिशत नगद लाभांशका लागि बैंकलाई धन्यवाद दिन चाहन्छु। भविष्यमा अझ बढी लाभांश वितरण गर्ने रणनीति बनाई काम गर्नुपर्‍यो।

२. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वृद्धि सकारात्मक छन् । यो वृद्धिलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्‍यो।

३. पौष मसान्त अघि नै साधारण सभा सम्पन्न गरेकोमा बधाई। साथै महामारीको समयमा भिडियो कन्फ्रेन्सको माध्यमबाट साधारण सभा सञ्चालन गरेर शेयरधनीहरुलाई सहभागि हुन सहज बनाइदिनुभएकोमा धन्यवाद।

४. साधारण सभामा मर्जर सम्बन्धी प्रस्तावले निरन्तरता पाउनु राम्रो हो। उपयुक्त बैंक वा वित्तीय संस्था पहिचान गरी मर्जरसम्बन्धी कार्य अगाडी बढाउनु पर्‍यो।

५. उच्च व्याजदरका सापटीजस्ता दायित्वहरु कम गर्दै जानुपर्‍यो।

६. कूल व्याज आम्दानीमा खुद व्याज आम्दानीको अनुपात बढाउने तर्फ ध्यान दिनुपर्‍यो।

७. कर्जा जोखिम व्यवस्था कम गर्नतर्फ ध्यान दिनुपर्‍यो।

८. सञ्चालन तथा कर्मचारी खर्च नियन्त्रणमा ध्यान दिनुपर्‍यो।

९. आधार दरलाई घटाई बैंकको लगानीको दरलाई प्रतिष्पर्धी बनाउनुपर्‍यो।

१०. बैंकले आफ्नै कर्पोरेट बिल्डिंग बनाई कार्य सञ्चालन गर्नुपर्‍यो।

९. **शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको राय, सुझाव तथा जिज्ञासावारेमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम प्रतिक्रिया दिनु भयो**

बैंकको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदनप्रति आदरणीय शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको सल्लाह, सुझाव तथा जिज्ञासाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहाँहरुबाट प्राप्त उपयुक्त सल्लाह तथा सुझावहरुलाई मनन गर्दै लागू गर्ने प्रतिबद्धता गर्दछु ।

प्रतिकूल परिस्थितिका बावजुत आर्थिक वर्ष २०७६/७७ मा बैंकले वासलातको आकार, कर्जा तथा निक्षेपमा सन्तोषजनक वृद्धि हासिल गर्न सफल भएको छ । यद्यपि कोभिड१९ महामारीका कारण बैंकको आयमा नकारात्मक असर पर्नुका साथै कर्जा जोखिम व्यवस्थामा समेत वृद्धि भएकाले मुनाफाको लक्ष्य हासिल गर्न सकिएन । तथापि बैंकको सशक्त जोखिम नियन्त्रण प्रणाली, लगानीको विविधता का कारण आर्थिक गतिविधि सामान्य हुँदै गएमा बैंकले मध्यम तथा दिर्घकालिन लक्ष्यहरु हासिल गर्न सक्ने कुरामा हामी विश्वस्त छौं ।

भविष्यमा पनि कर्जा, निक्षेप तथा बैंकिंग सेवाका क्षेत्रमा नविनतम योजनाहरु ल्याउँदै सञ्जाल विस्तार गर्ने, वासलातको आकार वृद्धि गर्ने तथा दिगो मुनाफा हासिल गर्न हामी अग्रसर छौं । यसका लागि प्रविधिको अधिकतम प्रयोग गर्दै आन्तरिक सञ्चालन तथा बाह्य सेवा प्रवाहलाई Digitalization तथा Automation गर्न विशेष ध्यान पुऱ्याइरहेका छौं ।

साथै लागत नियन्त्रण, जोखिम व्यवस्थापन तथा ग्राहकको अनुभव सुधारका लागि मानव संशाधन विकास लाई प्राथमिकता दिने बैंकको नीति कायम रहेको छ । यसबाट हामीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई लगानीको उचित प्रतिफल दिन सक्ने विश्वास राखेका छौं ।

यहाँहरुको निरन्तर सहयोगकै कारण हामी देशभर तथा विदेशमा समेत रहेका नेपाली जनता, समुदाय तथा व्यवसायहरुको विश्वास जित्दै विकासशील नेपालको अभियानमा सामेल हुने लक्ष्यमा अग्रसर रहेका छौं । भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दै गर्दछु ।

१०. **प्रस्ताव माथि छलफल तथा निर्णयहरुः**

(क) **सामान्य प्रस्तावः**

(१) बिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको बिसौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि कूल रु ११,००,०००/- (रुपैंया एघार लाख मात्र) पारिश्रमिक रहने गरी वर्तमान लेखापरिक्षक श्री जे. बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टड एकाउण्टेण्ट लाई नियुक्त गर्ने र यसबाहेक लेखापरिक्षणका क्रममा लाग्ने खर्चका लागि छुट्टै भत्ताको व्यवस्था गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २.५ प्रतिशतका दरले रु २४,५३,१३,९८८.०० (अक्षेरपि रु. चौबिस करोड त्रिपन्न लाख तेह्र हजार नौ सय अठासी मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २.५ प्रतिशतका दरले रु २४,५३,१३,९८८.०० (अक्षेरपि रु. चौबिस करोड त्रिपन्न लाख तेह्र हजार नौ सय अठासी मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ९ प्रतिशतका दरले रु ८८,३१,३०,३५६.०० (अक्षेरपि रु. अठासी करोड एकतिस लाख तिस हजार तीन सय छपन्न मात्र) बराबरको बोनस शेयर जारी गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ९ प्रतिशतका दरले रु ८८,३१,३०,३५६.०० (अक्षेरपि रु. अठासी करोड एकतिस लाख तिस हजार तीन सय छपन्न मात्र) बराबरको बोनस शेयर जारी गर्नें सर्वसम्मतबाट निर्णय गरियो ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने :

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको जारी पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (१) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

> "यस बैंकको अधिकृत पुँजी रु. १२,००,००,००,०००/- (अक्षरेपी बाह्र अर्व) हुनेछ । उक्त पुँजीलाई रु. १००/- (एक सय रुपैयाँ) का दरका १२,००,००,०००/- (बाह्र करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको जारी पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (२) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

> "बैंकले तत्काल जारी गर्ने शेयर पुँजी रु. १०,६९,५६,८९,८६२/- (अक्षरेपी दस अर्ब उनान्सत्तरी करोड छपन्न लाख उनानब्बे हजार आठ सय बैसट्ठी मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००/- का दरले १०,६९,५६,८९८।६२ (अक्षरेपी दस करोड उनान्सत्तरी लाख छपन्न हजार आठ सय अन्ठानब्बे दशमलब बैसट्ठी मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको चुक्ता पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (३) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

> "बैंकको तत्काल चुक्ता पुँजी रु. १०,६९,५६,८९,८६२/- (अक्षरेपी दस अर्ब उनान्सत्तरी करोड छपन्न लाख उनानब्बे हजार आठ सय बैसठ्ठी मात्र) हुनेछ ।"

(३) बुँदा नं. (१) र (२) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :

बुँदा नं. (१) र (२) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति ( वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने समेत सर्वसम्मतबाट निर्णय गरियो ।

(४) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने :

लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**(ग) सर्वसाधारण शेयरधनी समूह "ग" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

सर्वसाधारण शेयरधनी समूह "ग" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धी प्रस्तावका सम्बन्धमा भएको कामकारवाहीको व्यहोरा सभालाई जानकारी दिन तथा नतिजा घोषणा गर्न कम्पनी सचिवज्यूले सञ्चालक समितिको निर्णयबमोजिम निर्वाचन अधिकृतका रुपमा नियुक्त श्री समिर शर्माज्यूलाई अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृत समिर शर्माज्यूले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको निर्देशन एवं बैंकको निर्वाचन निर्देशिका, २०६५ बमोजिम तोकिएको निर्वाचन प्रक्रिया बमोजिम मनोनयन पत्र दर्ता गर्ने दिनसम्म दुई जना उम्मेद्वारको मात्र मनोनयन पत्र दर्ता हुन आएको हुँदा निम्न बमोजिमका शेयरधनीहरु आगामी कार्यकालका लागि निर्विरोध निर्वाचित भएको व्यहोरा जानकारी गराउनुभयोः

**निर्वाचित सञ्चालकहरुः**

१. श्री विश्वकरण जैन, पर्सा
२. श्रीमति स्वाती रुङ्गटा, पर्सा

(घ) **विविध**

कम्पनी सचिवले सञ्चालक समितिको निर्णय बमोजिम संस्थापक शेयरधनीको तर्फबाट मनोनित सञ्चालकको नियुक्ति अनुमोदन गर्ने प्रस्तावमाथि छलफल गरी निर्णय गर्ने प्रस्ताव पेश गर्नुभयो ।

सो प्रस्तावमाथि छलफल गरी निर्णय गर्ने सर्वसम्मत निर्णय भयो ।

त्यसपश्चात कम्पनी सचिवले संस्थापक शेयरधनी समूहको तर्फबाट बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको रिक्त रहेको स्थानमा संस्थापक शेयरधनी समूहबाट मनोनित डा. मनिष थापालाई मनोनयन गरी पठाएको व्यहोराको पत्र बमोजिम २०७७ पौष २८ गते सम्पन्न सञ्चालक समितिको बैठकबाट भएको वहाँको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव पेश गर्नुभयो ।

संस्थापक शेयरधनी समूहको तर्फबाट बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको रिक्त रहेको स्थानमा संस्थापक शेयरधनी समूहबाट मनोनित डा. मनिष थापालाई मनोनयन गरी पठाएको व्यहोराको पत्र बमोजिम २०७७ पौष २८ गते सम्पन्न सञ्चालक समितिको बैठकबाट भएको वहाँको नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

अन्य कुनै पनि प्रस्ताव नरहेकाले सभा समापनको घोषणा गरिदिनुहुन कम्पनी सचिवले सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष रमण नेपालज्यूलाई अनुरोध गर्नुभयो ।

११. **धन्यवाद ज्ञापनः**

सभापतिज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| पियूष राज अर्याल | रमण नेपाल |
| कम्पनी सचिव | सभापति/ सञ्चालक समितिका अध्यक्ष |

मितिः २०७७/०९/२८